नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

बजेट कार्यान्वयन तथा सोधभर्ना शाखा

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

प.सं. २०७९/८०

च.नं. ६

मितिः - २०७९/०५/१३

**विषय : बजेट कार्यान्वयन सम्बन्धी थप स्पष्ट पारिएको बारे ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय ज्यू,

सबै ।

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. १ मिति २०७९/०४/०२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुँदा (च) को १ मा थप स्पष्टको लागि अनुरोध भई आएअनुसार देहाय बमोजिम कार्यान्वयनको लागि मिति २०७९/०५/१३ को निर्णयनुसार थप स्पष्ट पारिएको व्यहोरा आदेशअनुसार अनुरोध छ।

**बुँदा नं (च) खर्चको अख्तियारी**

१. बजेट उपशीर्षक ६०१०००१२ उपदान, बजेट उपशीर्षक ६०१०००१३ संचित विदा र बजेट उपशीर्षक ६०१०००१६ औषधि उपचार खर्च रकम भुक्तानीको लागि माग भएको अवस्थामा प्रचलित कानून बमोजिम भुक्तानी दिनुपर्ने रकम यकीन गरी सङ्घीय सरकार अन्तर्गतका कार्यालयको हकमा सम्बन्धित कार्यालयको नाममा सम्बन्धित ब.उ.शि.नं. र खर्च शिर्षकमा LMBIS बाट रकमान्तर गरिदिने र सम्बन्धित कार्यालयले अख्तियारी अनुसार निकासा भुक्तानी माग गरी खर्च गर्ने व्यवस्था मिलाउने

२. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भई कानून बमोजिम सुविधा पाउने गरी अवकाश भएका निजामती सेवा, स्वास्थ्य सेवा र संसद सेवाका कर्मचारीको लागि को.ले.नि.का. को नाममा सम्बन्धित ब.उ.शि.नं. र खर्च शिर्षकमा LMBIS बाट रकमान्तर गर्ने र अख्तियारी अनुसार निकासा भुक्तानी माग गरी खर्च गर्ने व्यवस्था मिलाउने ।

३. उपदान, सञ्चित विदा र औषधि उपचार खर्चको रकम निकासाको कार्य बुँदा नं.१ अनुसार २०७९ माघ मसान्तसम्म भुक्तानी गर्ने र तत्पश्चात म.ले.नि.का. को निर्देशन अनुसार हुने ।

निरज वीर सीं ताम्राकार

लेखा अधिकृत

फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np